इन्द्रसरोवर स्थानीय राजपत्र

इन्द्रसरोवर गाउँपालिकाको कार्यालयद्धारा प्रकाशित

मकवानपुर, बागमति प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| भाग | वर्ष | अंक | २०८१ माघ |


इन्द्रसरोवर गाउँ सभाबाट मिति २०८१।१०।१० मा स्वीकृत भएको इन्द्रसरोवर गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८१ सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

## इन्द्रसरोवर गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८१

प्रस्तावना

इन्द्रसरोवर गाउँपालिका क्षेत्रभित्र रहेका व्यापारिक फर्मको दर्ता, नविकरण तथा खारेजी गर्न नियमन तथा अनुगमन गरी स्थानीय व्यापारको तथ्यांक अध्यावधिक गर्न र स्थानीय व्यापारको प्रवर्द्धन तथा सहजीकरण गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम इन्द्रसरोवर गाउँपालिकाको गाउँसभाले यो ऐन वनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको **"इन्द्रसरोवर गाउँपालिका व्यवसाय दर्ता ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले इन्द्रसरोवर गाउँपालिका सम्झनुपर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले इन्द्रसरोवर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ र सो शव्दले गाउँपालिकाको मातहतमा रहेको वडा कार्यालय, स्वास्थ्य चौकीलाई समेत जनाउदछ ।

(ङ) "व्यवसाय" भन्नाले व्यापार तथा व्यवसाय सन्चालन गर्ने गरी गाउँपालिकामा व्यवसाय दर्ता गर्ने व्यक्ति वा फर्म वा संघसंस्थालाई सम्झनुपर्दछ ।

(च) "कर" भन्नाले गाउँपालिकासँग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो निर्देशिका बमोजिम गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको व्यवसयमा पूँजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसाय करलाई सम्झनुपर्दछ र यो शव्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर दर्ता जरिवाना समेतलाई जनाउछ ।

(छ) "कर दाता" भन्नाले दफा ५ बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका व्यक्ति, फर्म वा संघ संस्थालाई सम्झनुपर्दछ ।

३. व्यवसाय दर्ता गरी सन्चालन गर्नूपर्ने (१) गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिमको व्यवसाय सन्चालन गर्नु अघि यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नुपर्नेछ । यस अघि स्थापना भई सन्चालनमा रहेका व्यवसायिहरु समेत यसै ऐन बमोजिम दर्ता गर्नुपर्नेछ ।

४. व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने : (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्ति र साविकमा गाउँपालिका भन्दा बाहिरको कुनै निकायका दर्ता भई सन्चालनमा रहेको व्यवसायीले अनुसूची २ मा उल्लेखित ढाँचाको दरखास्त फाराम भरी कार्यालयमा दिनुपर्नेछ ।

क) व्यवसायको नाम र ठेगाना

ख) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा

ग)	कारोवार गर्ने मुख्य वस्तुर सेवा

घ)	लगानी,

ङ)	व्यवसायिकको नाम र ठेगाना,

च)	व्यवसायिकको नागरिकताको प्रतिलिपि,

छ)	व्यवसाय रहने घरधनी वा जग्गाधनीको नाम

(२)	उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नुपर्नेछ।

(३)	उपदफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि सम्बन्धित कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची ३ बमोजिमको व्यवसाय दर्ता कितावमा उल्लेख गरी निवेदकलाई अनुसूची ४ बमोजिमको ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

(४)	एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा बढी स्थानमा व्यवसाय सन्चालन र थप कारोवार गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिमको थप दस्तुर तिरी मुख्य व्यवसायको शाखा व्यवसाय भनि दर्ता गराउनु पर्नेछ।

५.	कर बुझाउने दायित्व : (१) गाउँपालिकाको आर्थिक ऐन बमोजिम कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति फर्म वा निजको प्रतिनिधिको हुनेछ।

६.	व्यवसायको नविकरण गर्नूपर्ने : दफा ४ बमोजिम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र नविकरण गरिसक्नुपर्नेछ र निजलाई अनुसूची ५ बमोजिमको ढाँचामा व्यवसाय नविकरण प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ। नविकरण शुल्क व्यवसाय दर्ता शुल्कको पचास प्रतिशत हुनेछ।

७.	विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने : (१) दफा ४ बमोजिम दर्ता भएका व्यवसायको विवरण हेरफेर गर्नुपर्ने भएमा पध्र दिनभित्र सोको लिखित निवेदन कार्यालयमा दिनुपर्नेछ।

(२)	उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी नियमानुसार लाग्ने दस्तुर लिई विवरण संसोधन गरिदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ।

(३)	व्यवसायको प्रकृति वा सेवाको किसिम र व्यवसायको नाम परिवर्तन गर्नु परेमा नयाँ व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुर सरह लाग्नेछ ।

८.	साझेदार थपघट र ठाउँसारी गर्नु परेमा स्वीकृति लिनुपर्ने : (१) एक व्यक्त वा सो भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात संलग्न राखी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२)	उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु.१०००। दस्तुर लिई माग बमोजिम साझेदार थप गरिदिनु पर्नेछ।

(३)	गाउँपालिका क्षेत्रभित्र एक वडामा सञ्चालनमा रहेको पेशा व्यवसाय गाउँको अर्को वडामा ठाउँ सारिको लागि निवेदन परेमा वडा कार्यालयले आवश्यक जाँचबुझ गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाइ सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ। यसरी सिफारिस प्राप्त भएकोमा ठाउँसारी हुने वडा कार्यालयले व्यवसाय दर्ता कितावमा ठाउँसारी जनाइ साविकको वडा कार्यालयमा ठाउँसारिको जानकारी दिनु पर्नेछ।

(४)	उपदफा (३) बमोजिम ठाउँसारी भएको जनाउ प्रँप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाइ लगत खारेज गर्नुपर्नेछ।

(५)	उपदफा (४) बमोजिम लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायीको कर्तव्य हुनेछ।

(६)	उपदफा (३) बमोजिम ठाउँसारी गर्न चाहने व्यवसायीले ठाउँसारी भई जाने व्यवसाय रहने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी रु.५००। दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाण पत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ।

(७)	यस उपदफा बमोजिम ठाउँसारी भई आउने व्यवासयीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ।

९.	कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्नसक्ने : (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलव्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलको अनुगमन तथा जाँचबुझ गरी आवश्यक निर्देशन दिन सकिनेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा व्यवसाय सन्चालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्नु सम्बन्धित व्यवसायीको दायित्व हुनेछ ।

१०. व्यवसाय सन्चालनको अनुमति लिनुपर्ने :(१) यस ऐन बमोजिम व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिव कारण खोली व्यवसायीले सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लगत कट्टा बापत लिइने सेवा शुल्क रु. ५००। समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(४) प्रचलित कानून विपरित कारोवार गरेमा, पेशा व्यवसाय सन्चालन गरेमा वा कार्यालयले दिएको निर्देशन उल्लघन गरेमा कार्यालयले बाँकी बक्यौता कर तथा जरिवाना असूल गरी व्यवसायको दर्ता खारेज गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नुपूर्व व्यवसायीलाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम कार्यालयले व्यवसायको दर्ता खारेज गरेमा सम्बन्धित व्यवसायीको नाममा गाउँपालिकामा तीन वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी सन्चालन गर्न रोक लगाउन सकिनेछ ।

१२. जरिवाना तथा थप दस्तुर लाग्ने : (१) यस ऐनमा तोकिएको समयभित्र व्यवसाय नविकरण नगराएमा नियमानुसार लाग्ने दस्तुरमा थप जरिवाना तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ ।

१३. कर छुट तथा मिन्हा दिन सकिने : (१) गाउँपालिका क्षेत्रमा व्यापार व्यवसाय दर्ता गर्न चाहाने अपांगता भएका व्यक्तिलाई व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिन सकिनेछ ।

१४. प्रतिलिपि दिन सक्ने : व्यवसाय दर्ता प्रमाण पत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएम वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलव्ध गराउनु पर्ने भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी रु. ५००। प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाण पत्र जारी गरी दिन सक्नेछ ।

१५. व्यवसाय सन्चालन नभएको सिफारिस दिन सक्ने : प्रचलित कानून बमोजिम दर्ता भएको व्यवसाय सन्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी व्यहोरा प्रमाणित भएमा रु. ५००। दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलव्ध गराउने सक्नेछ ।

१६. व्यवसाय दर्ता तथा नविकरण नगरी सन्चालन गरेमा कार्वाही हुने : (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि व्यवसायन गाउँपालिका क्षेत्रभित्र सन्चालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई पन्ध्र दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि निर्देशन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएको मितिले पन्ध्र दिनभित्र व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिलाई गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमको सेवा सुविधाहरु वन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा वन्द गरेको तीन महिनाभित्र पनि व्यवसाय दर्ता नविकरण नगरी व्सवाय सन्चालन गरेमा कार्यालयले नियमानुसार लाग्ने कर, जरिवाना र अन्य दस्तुर असूल उपर गरी व्यवसाय वन्द गर्न सक्नेछ ।

१७. वाधा अड्काउ फुकाउने अधिकार : (१) यस ऐनको कार्यान्वियनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१८. खारेजी तथा बचाउ : (१) यो ऐन बन्नु भन्दा अगाडि गाउँपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी

मकवानपुर, बागमति प्रदेश, नेपाल

व्यवसायको विवरण

| सि.नं. | विवरण |
|---|---|
| १ | व्यापारिक बस्तु |
| १.१ | सुन, चाँदी विक्रेता |
| १.२ | भिडियो क्यासेट रेडर्कर तथा प्लेयर उत्पादक एवं वितरक |
| १.३ | चुरोट, रक्सी |
| | क) थोक विक्रेता |
| | ख) खुद्रा विक्रेता |
| १.४ | हलुका पेय पदार्थको थोक विक्रेता |
| २ | निर्माण सामाग्री |
| | क) सिमेन्ट, छड, धातुका निर्माण सामानको थोक विक्रेता |
| | ख) सिमेन्ट, छड, धातुका निर्माण सामानको खुद्रा विक्रेता |
| ३ | कम्प्युटर र सोसँग सम्बन्धित सामान विक्री तथा मर्मत सेवा |
| ४ | विद्युत, सोलार विक्रेता |
| | क) विजुलीको सामान थोक विक्रेता |
| | ख) विजुलीका सामान खुद्रा विक्रेता |
| | ग) सौर्य ऊर्जाबाट चल्ने विद्युतीय सामाग्री विक्रेता |
| | घ) टिभि फ्रिज जस्ता अन्य विद्युतीय सामान विक्रेता |
| ५ | रेडियो, घडी, मोवाइल तथा विद्युतिय सामाग्रीको विक्री वितरण |
| ६ | फर्निचरका सामान तथा कार्पेट विक्रेता |
| ७ | पेट्रोलियम पदार्थ |
| | क) आयल निगमको डिलर भई पेटोलियम पदार्थ विक्रेता |
| | ख) ग्यास तथा मट्टितेल विक्रेता |
| ८ | खाद्यान्न किराना पसल |
| | क) थोक विक्रेता |
| | ख) खुद्रा विक्रेता |
| ९ | फलफूल तथा तरकारी विक्रेता |
| १० | विदेश तथा विदेशी कपडा, तयारी पोसाक र जुत्ता विक्रेता |
| ११ | अन्य सेवा |
| | क) व्युटी पालर, केश श्रृंगार तथा सैलुन, ड्राइ क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| | ख. पेन्टिंग सेवा |
| | ग) पशु वधसाला |
| | घ) मासु विक्रेता |
| १२ | पुल हाउस |
| १३ | सिसा प्लाइउड विक्रेता |
| १४ | भाडाकुडा विक्रेता |
| १५ | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता |
| १६ | खेलौना तथा उपहार र कस्मेटिक विक्रेता |
| १७ | केवल वा नेटवर्किंग सेवा |
| १८ | डेरी उद्योग |
| | क) चिस्यान केन्द्र |
| | ख) दुध डेरी |
| | ग) कफी सप |
| १९ | ढुवानीकर्ता कम्पनी |
| २० | उत्पादनमूलक उद्योग |
| | क) व्लक, इट्टा तथा प्लास्टीक उद्योग |
| | ख) अन्य साना घरेलु उद्योग |
| | ग) कलर ल्याव |
| २१ | फर्निचर उद्योग |
| | क) ट्ली समेत राखेको समिल उद्योग |
| | ख) समिल तथा फर्निचर वनाउने उद्योग |
| | ग) सामान्य फर्निचर उद्योग |
| २२ | कृषि, पशुपन्क्षी तथा वनजन्य उद्योग |
| | क) पचास लाख भन्दा मार्थि पूँजी भएको |
| | ख) पन्ध्र देखि पचास लाखसम्मको |
| | ग) पाँच देखि पन्ध्र लाखसम्मको |

| | |
|---|---|
| | घ) पाँच लाखसम्म |
| २३ | खनिज उद्योग |
| २४ | पर्यटन उद्योग |
| २५ | सेवा उद्योग |
| | क) सिनेमा हल |
| | ख) अफसेट प्रेस |
| | ग) लेजर प्रेस |
| | घ) कोल्ड स्टोर तथा फास्टफुड विक्रेता |
| | ङ) अडियो क्यासेट विक्रेता |
| | च) हवाई सेवा बुकिंग काउन्टर |
| | छ) सार्वजनिक परिवहन बुकिंग काउन्टर |
| २६ | क्रसर तथा बालुवा प्रशोधन उद्योग |
| २७ | संचार सेवा (रेडियो, एफ.एम) |
| | क) फोन, फ्याक्स, इमल, इन्टरनेट तथा फोटोकपी सेवा |
| | ख) रेडियो एफ एम |
| | ग) केवुल टेलिभिजन |
| २८ | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता |
| २९ | वित्तिय सेवा |
| | क) निजी क्षेत्रको आर्थिक कारोवार गर्ने क वर्गका बैकको शाखा |
| | ख) निजी क्षेत्रको आर्थिक कारोवार गर्ने ख वर्गको बैकको शाखा |
| | ग) निजी क्षेत्रको आर्थिक कारोवार गर्ने ग वर्गको बैकको शाखा |
| | घ) निजी क्षेत्रको आर्थिक कारोवार गर्ने घ वर्गको बैकको शाखा |
| | ङ) विमा कम्पनी |
| ३० | सहकारी संस्था |
| | क) दस लाखभन्दा बढी पूँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ख) दस लाखसम्म पूँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ग) अन्य सहकारी संस्था |
| ३१ | स्वास्थ्य सेवा |
| | क) गैह्र सरकारी अस्पताल |
| | ख) नसिंग होम, पोलिक्लिनिक |
| ३२ | तालिम केन्द्र |
| | क) कम्प्युटर इन्स्टिच्युट र भाषा प्रशिक्षण |
| | ख) सिलाई बुनाई तथा अन्य साना प्रशिक्षण केन्द्र |
| ३३ | मर्मत सम्भार तथा वर्कशप |
| | क) हेवी इक्युपमेन्टस, बस, ट्रक, जीप, कार ट्याक्टर |
| | ख) मोटरसाइकल, टेम्पो |
| | ग) टिभि, फ्रिज, मोटर, पंखा, हिटर |
| ३४ | विविध व्यवसाय |
| | क) कपडा, जुत्ता तथा फेन्सी पसल |
| | ख) मेसिनरी पार्टपुर्जा पसल |
| | ग) पान पसल |
| | घ) खाना तथा नास्ता पसल |
| | ङ) मिठाइ तथा चिया पसल |
| | च) पोल्टी, पशु फर्म, दाता डिपो, एग्रोभेट |
| ३५ | सप्लायर्स |
| | क) एक लाख भन्दा बढीको सामान सप्लायर्स |
| | ख) एक लाखसम्मको सामान सप्लायर्स |
| | ग) पचास हजारसम्मको सामान सप्लायर्स |
| ३६ | टेन्ट हाउस |
| ३७ | रासायनिक मल, विषादी पसल तथा विउ विजन विक्रेता |
| ३८ | सुर्ती पसल थोक तथा खुद्रा विक्रेता |
| ३९ | मिल (कुथानी, पिसानी) |
| ४० | संस्था दर्ता : क) नाफामूलक (ख) गैह्रनाफामूलक |
| ४१ | अन्तराष्ट्रिय गैर सरकारी संस्था |
| ४२ | कवाडी व्यवसाय |
| ४३ | नीजि विद्यालय : प्राथमिक विद्यालय/आधारभूत विद्यालय/माध्यमिक विद्यालय |
| ४४ | होटल, लज तथा रेष्टुरा : क वर्ग /ख वर्ग /ग वर्ग |

| | |
|---|---|
| ४५ | निर्माण व्यवसाय : घ वर्ग |
| ४६ | कृषि तथा पशु फर्म |

अनुसूची २

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी

मकवानपुर, बागमति प्रदेश, नेपाल

व्यवसाय दर्ता / नविकरण निवेदन फाराम

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खानिखेत

मकवानपुर, बागमती प्रदेश ।

विषय : व्यवसाय दर्ता/नविकण सम्बन्धमा ।

मैले /हामिले निम्न स्थानमा ........................................ व्यवसाय दर्ता / नविकरण गर्नु परेकोले इन्द्रसरोवर गाउँपालिकाको व्यवसाय दर्ता ऐन, २०८१ को दफा ४ बमोजिम यो निवेदन दिएको छु/छौ ।

१. व्यवसायीको नाम, थर :

२. स्थायी ठेगाना : ................. जिल्ला ........... गा.पा.............वडा नं.

३. नागरिकता नं. ........................ जारि जिल्ला र गते

४. फर्म/कम्पनिको नाम :.........................

५. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं.......... सम्पर्क न..........................इमेल...........

६. व्यवसायको प्रकृति................

७. कारोबार गर्ने वस्तु : .............

८. लगानी रु. ..............

९. व्यवसाय वहालमा रहेको भए घरधनिको नाम, थर :.....

ठेगाना : .............................. वडा नं.:...........मिति : २०..............

निवेदक

अनुसूची ३

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी

मकवानपुर, बागमति प्रदेश, नेपाल

व्यवसाय दर्ता किताव

| क्र.सं. | दर्ता नम्वर | व्यवसायीको नाम, थर | ठेगाना | व्यवसायको प्रकृति | पूँजी | एकलौटी वा साझेदारी | दर्ता मिति | फोटो | व्यवसायीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची ४

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी

मकवानपुर, बागमति प्रदेश, नेपाल

व्यवसाय दर्ता प्रमाण पत्र

दर्ता मिति : …………………

दर्ता नं. : ………………

व्यवसाय फर्मको नाम :

व्यवसायीकको नाम :

लागत पूँजी :

व्यवसाय रहेको स्थान :

व्यवसाय रहेको बोटोको नाम :

अन्य निकायमा दर्ता भएको छ भने

व्यवसायको इमेल : निकाय :

सम्पर्क नम्वर : दर्ता नं.

| क्र.सं. | व्यवसायको प्रकार | व्यवसायको प्रकृति | वडा नं. | दर्ता नं. | टोलको नाम | बाटोको नाम | घर नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नोट : यो प्रमाण पत्र इन्द्रसरोवर गाउँपालिका व्यवसाय दर्ता ऐन, २०८१ बमोजिम जारी गरेको आदेश, निर्देशन र सूचनाको पालना गर्न जारी गरिएको छ ।

………………………… …………………………… …………………………

व्यवसायीकको दस्तखत तयार गर्नेको दस्तखत प्रमाणित गर्नेको दस्तखत

अनुसूची ५

(दफा ५ सँग सम्बन्धित)

इन्द्रसरोवर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कुलेखानी

मकवानपुर, बागमति प्रदेश, नेपाल

व्यवसाय नविकरण प्रमाण पत्र

| आर्थिक वर्ष | नविकरण मिति | अन्तिम मिति | रसिद नं. | प्रमाणित गर्नेको सही छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोट :

१)    यो प्रमाण पत्र देखिने गरी राख्नु पर्नेछ ।

२)    नियम विपरित कुनै कार्य गराएको पाइएमा यो प्रमाण पत्र खारेज गरिनेछ ।

३)    यो प्रमाण पत्र प्रत्येक वर्षको असोज मसान्तमा नविकरण गर्नु पर्नेछ ।